थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७५ | संख्याः ०३ | मितिः २०७५/१०/२०

भाग–२

थाहा नगरपालिका

## *बजार व्यवस्थापन तथा परिचालन कार्यविधि, २०७५*

**प्रस्तावनाः**

**नेपालको संविधान ,२०७२ को अनुसुची –८ मा उल्लेख भएको नगरपालिकाको एकल अधिकार सुचीमा उल्लेख भएको तथा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ को उपदफा (२) को (ञ) बुँदा अनुरुप तथा थाहा नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमन गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यस कार्यविधी निर्माण गरिएको छ ।**

थाहा नगरपालिकाको “स्वच्छ घर, सफा शहर,हराभरा थाहानगर ” अभियान लाई सार्थक बनाउन स्थानिय बासिन्दाहरुकै सहभागिता अपरिहार्य हुने र सरसफाई तथा बजार व्यवस्थापन कार्यमा स्थानियको अपनत्व कायम हुने हुँदा यस कार्यविधि निर्माण गरि कार्यन्वयन गर्न आवश्यक भएकाले थाहा नगरपालिकाले यो वजार व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) **यस कार्यविधिको नाम** “बजार व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५” रहेको छ ।

(२) यो कार्यविधि थाहा नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **कार्यविधि भन्नाले** “ बजार व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५” सम्झनु पर्दछ ।

स्थानीय राजपत्र

**(ख) "बजार/टोल व्यवस्थापन समिति" भन्नाले बजार व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।**

**(ग) "क्षेत्राधिकार" भन्नाले बजार व्यवस्थापन समिति तथा टोल व्यवस्थापन समितिले आफ्नो समितिले कार्यसम्पादन गर्ने गरि भेला मार्फत कायम गरेको क्षेत्रलाई सम्झनुपर्दछ ।**

**घ) नगरपालिका भन्नाले थाहा नगरपालिका लाई सम्झनुपर्दछ ।**

**ङ) वडा कार्यालय भन्नाले थाहा नगरपालिका भित्रको १२ वटै वडा र सम्वन्धित वजार व्यवस्थापन समिति रहेको वडालाई सम्झनुपर्दछ ।**

**३. कार्यविधिको उद्देश्य : नगरपालिकाको "स्वच्छ घर, सफा शहर,हराभरा थाहानगर " अभियान लाई सार्थक बनाउन तथा स्थानियवासीहरुको व्यवस्थित वजार निर्माण अभियानमा सक्रिय सहभागिता कायम गर्ने ।**

**४. कोष खाता :**

**(१) बजार व्यवस्थापन समितिको नामको एक कोष खडा गरिनेछ ।**

**(२) बुँदा नं. (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-**

**(क) थाहा नगरपालिकाको नगरसभाबाट विनियोजित हुने बजार व्यवस्थापन समितिसंग सम्बन्धीत रकम,**

**(ख) विकास साँझेदार संस्था, स्थानीय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट संस्थालाई नगरपालिकको सिफारीसमा सोझै प्राप्त हुने रकम,**

**(ग) प्रत्येक वर्षको नगरसभाले तोके बमोजिमको न्युनतम मासिक महशुल वा समितिले आफ्नो सदस्यहरु मार्फत समितिलाई प्राप्त हुने मासिक महशुल,**

**(घ) समिति लाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।**

**(३) कोष खाता सम्बन्धमा नगरपालिकाले जुनसुकै वेलामा खाताको हिसाव किताव समितिसँग माग गर्न सक्नेछ ।र हिसाव किताव बुझाउनु समितिको कर्तव्य हुनेछ ।**

***५. कोषको प्रयोग : कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :***

**(क) समितिको कार्यक्षेत्र भित्र कामकाज गर्ने गरि खटाईएका सरसफाइ कर्मचारी तथा अन्य कर्मचारीको पारिश्रमिक तथा ज्याला ,**

**(ख) समितिको कार्यक्षेत्र भित्र समिति मार्फत व्यवस्थित सडक वत्ति र सो सँग सम्बन्धित अन्य खर्च ,**

**(ग) समितिको अगुवाईमा समितिको निर्णय र नगरपालिकाको सहमतिमा हुने कार्यक्रमहरु सँग सम्बन्धित खर्चका रकमहरु,**

**(घ) समितिको प्रशासनिक खर्चहरु तथा पदाधिकारीलाई यातायात खर्च (बढिमा २०० सम्म ) ,**

**(ङ) समिति मार्फत नियुक्त गरिएका सरसफाई कर्मचारीहरुलाई आवश्यक श्रोत साधन र तिनिहरुको परिचालन खर्च ,**

**(च) समिति मार्फत व्यस्थित सार्वजनिक स्थलको संरक्षण सम्र्वद्धनमा लाग्ने खर्च,**

स्थानीय राजपत्र

(छ) सार्वजनिक शौचालय,विश्राम स्थल,स्नान गृह, पार्किङ्ग स्थल, हरित क्षेत्र प्रर्वद्धन, पार्क ,चोक लगाएतका संरचना निर्माण गर्दा समितिले पुर्ण वा आशिंक आर्थिक सहभागितामा व्यहोर्नुपर्ने रकम,

(ज) समिति आयोजक भई गर्ने विविध कार्यक्रम सँग सम्बन्धित खर्चका रकम,

(झ) समितीको भेलावाट निर्देशित अन्य खर्चहरु ।

**६. कोषको रकम प्रयोग हुन नसक्ने :** बुँदा नं. ४ मा जेसुकै कुरा लेखिएको भए तापनि देहायका प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) समितिका पदाधिकारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) समितिका पदाधिकारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) बजार व्यवस्थापनसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

**७. खाता संचालन :**

क) समितिको अध्यक्ष,कोषाध्यक्ष तथा सचिवको संयुक्त दस्तखतवाट खाता सञ्चालन हुनेछ ।

ख) मासिक आम्दानी तथा खर्चको विवरण न.पा कार्यालय सामाजिक विकास शाखामा तथा वडा कार्यालयले तोकेको सुचना पाटिमा प्रकाशन गर्नुपर्नेछ ।

**८. समितिको गठन तथा बैठक :**

क) प्रत्येक टोल वस्तीहरुमा वडाका निर्वाचित प्रतिनिधी समितिको संरक्षक रहने गरि टोलको भेलाले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष सचिव तथा सदस्य रहने गरि ७ देखि ११ सदस्यीय समिति गठन गर्न सक्नेछ ।समितिलाई सम्भव भएसम्म समावेशी वनाईने छ ।

ख) यस कार्यविधि कार्यान्वयन पुर्व गठन भएका समितिहरुलाई यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ ।

ग) गठन भएको समितिलाई नगरपालिकाले तोकिएको ढाँचामा प्रमाणपत्र उपलव्ध गराईनेछ ।

घ) मासिक रुपमा एक पटक अनिवार्य बैठक बस्ने छ ।

ङ) आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

च) समितिको वार्षिक रुपमा अनिवार्य साधारण सभा गर्नुपर्नेछ ।

**९. मासिक शुल्कको सम्बन्धमा :**

क) नगरपालिकाले तोकेको न्युनतम शुल्कमा नघट्ने गरि समितिको कार्यक्रम तथा योजना एवंम समितिको स्थायीत्वका लागि भेलाको निर्णय गराई समितिले थप शुल्क निर्धारण गर्न सक्नेछ ।

स्थानीय राजपत्र

ख) फोहरमैला व्यवस्थापन शुल्क तथा अन्य शुल्क निर्धारण गर्दा विविध मापदण्डका आधारमा फरकफरक शुल्क तोक्न समितिलाई अधिकार हुनेछ ।तर सोको विवरण न.पा कार्यालयमा निर्णयको प्रति सहित पेश गर्नुपर्ने छ ।

ग) **Pollutor Pays** नितिका आधारमा शुल्कमा विविधता हुन सक्नेछ ।

घ) कार्यक्षेत्र भित्र बसोवास गर्ने सवै घरधनी, वहालवाला, व्यवसायी, संघसस्था, कार्यालय, वितिय क्षेत्र समितिको सदस्य अनिवार्य रुपमा हुनेछ ।

**१०. समितिको काम कर्तव्य र अधिकार सम्बन्धमाः**

क) फोहरमैला व्यवस्थापनका लागि फोहरको श्रोतमा वगिकरण गर्नका लागि समितिका सदस्यलाई प्रोत्साहन गर्ने ,

ख) समितिका सदस्यहरुको मासिक शूल्क उठाउने, नियमित गर्ने,आवश्यक क्षेत्रमा खर्च गर्ने ।

ग) समितिको क्षेत्राधिर भित्र रहेको सम्पदाको संरक्षण ,प्रर्वद्धन गर्ने ।

घ) न.पा को वार्षिक योजनामा टोल वस्तिको योजना पेश गर्ने ।

ङ) वातावरण संरक्षण ,बजार व्यवस्थापन सस्कृती संरक्षण लगाएतको काम गर्ने ।

च) वडा कार्यालय तथा नगरपालिका मा कार्यक्रम माग गर्ने, विभिन्न सिफारीस गर्ने लगाएतका अन्य तोकिएको काम गर्ने ।

छ) वातावरण तथा फोहरमैला व्यवस्थापन शाखा मार्फत माग भई आएको विवरण उपलब्ध गराउने ।

ज) नगरपालिकाको बाल विवाह मुक्त, बालश्रम मुक्त नगर अभियान, बालमैत्री नगर अभियान लगाएत कार्यक्रमहरुमा सहभागि हुने ।

झ) नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा समितिको निर्णय तथा आर्थिक हिसाव विवरण पेश गर्ने ।

ञ) आफ्नो बजार तथा टोललाई आधुनिक सुविधा सार्वजनिक शौचालय,उद्यान, खेलमैदान,सडक वत्ती ,व्यायमशाला निर्माण लगाएतको कार्यक्रम माग गर्ने, व्यवस्थापन गर्ने लगाएतको कार्य गर्ने ।

ट) नगरपालिकाले आव्हाण गरेको अन्य कार्यक्रमहरुमा सहभागिता जनाउने ।

**११. समितिलाई विशेष अधिकार** : थाहा नगरपालिकाको तोकिएको क्षेत्रभित्र बसोवास गर्ने घरधनि, व्यवसायी ,संघ संस्था ,वितिय संस्था ,कार्यालय ,वहालवाला लगाएत सम्पुर्ण बजार व्यवस्थापन समितिको सदस्य हुनैपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।तर वजार व्यवस्थापन समिति लाई असहयोग गर्ने , मासिक शुल्क भुक्तानीमा अटेर गर्ने वा समाजमा प्रतिकुल हुने व्यवहार प्रर्दशन गर्ने व्यक्ति वा संस्थालाई समितिको सिफारीसमा वडा वा नगरपालिकाले जरिवाना वा कार्वाही गर्न सक्ने विशेष अधिकार प्रदान गरिनेछ । साथै समिति अर्न्तगतको सदस्यहरुको नगरपालिका वा वडा कार्यालय मार्फत गरिने विभिन्न कामहरुमा समिति मार्फत सदस्यहरुलाई प्रदान गरिने कार्डलाई समेत अनिवार्य आवश्यक कागजातको रुपमा माग गर्न सक्नेछ ।

स्थानीय राजपत्र

**१२. समितिको कार्यकाल** : प्रत्येक समितिले प्रत्येक ३ /३ वर्षमा समितिको पदाधिकारी परिर्वतन गर्ने गरि साधारण सभा गर्नुपर्ने छ ।तर एकै व्यक्ति निर्वाचित हुनका लागि वाधा पुऱ्याएको मानिने छैन ।

**१३.मापदण्ड तथा निर्देशिका सम्बन्धि व्यवस्था** : १) यस कार्यविधि बमोजिम शाखालाई वातावरण तथा फोहर व्यवस्थापनसँग सम्बन्धित आवश्यक विविध निर्देशिका तथा मापदण्ड बनाउने अधिकार शाखालाई हुनेछ ।

**१४. अनुगमण, मुल्याङ्कण तथा सिफारीस** : १)नगरपालिकामा गठन भएको प्रत्येक बजार व्यवस्थापन समितिको काम तथा क्रियाशिलताको अनुगमन,मुल्याङ्कण तथा सिफारीस गर्न एक समितिको गठन गरिनेछ ।

२) उपदफा १ बमोजिमको कामका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।
संयोजक – प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत
सदस्य – योजना अनुगमन तथा प्रशासकिय अधिकृत
सदस्य सचिव – शाखा प्रमुख

**१५. समिति भङ्ग गर्न सक्ने** : दफा १४ बमोजिमको समितिवाट अनुगमन हुँदा कुनै समिति निश्कृय भएको पाईएमा वा कुनै समितिले आर्थिक चलखेल गरेको भन्ने समिति अर्न्तगतका सदस्यहरुले नगरपालिकामा निवेदन गरेमा नगरपालिकाले समितिको बैक खाता रोक्का गरि तर्दश समिति समेत गठन गर्न सक्नेछ ।

**१६. खारेजी र बचाउ** : १) यस कार्यविधिको कुनै दफा र उपदफा निलम्वन,खारेजी वा शंसोधन गर्ने अधिकार नगरकार्यपालिका लाई हुनेछ ।

अनुसुचीहरु :
१) समिति दर्ताका लागि निवेदनको ढाँचा ।
२) दफा ८ सँग सम्बन्धित बजार व्यवस्थापन समिति गठनको प्रमाणपत्रको ढाँचा ।

### अनुसुची १

*थाहा नगरपालिकामा बजार व्यवस्थापन तथा परिचालन गर्न बनेको कार्यविधि, २०७५ को दफा ८ सँग सम्बन्धित निवेदन ढाँचा*

श्री थाहा नगरपालिका ,
ईन्द्रायणीचौर , मकवानपुर ।

विषय : बजार व्यवस्थापन समिति दर्ता गराउने सम्बन्धमा ।

यस थाहा नगरपालिकामा वडा नं ......को ................. स्थानमा मिति २०.....।...। मा वडा समिति/ कार्यालयको रोहवरमा भेला गराई .............................. देखि .............. सम्म क्षेत्राधिकार रहने गरि .................................. को अध्यक्षतामा........... सदस्यीय समिति गठन भएकोमा यस

स्थानीय राजपत्र

**समितिलाई *थाहा नगरपालिकामा बजार व्यवस्थापन तथा परिचालन गर्न बनेको कार्यविधि, २०७५* अनुसार गठन भएको प्रमाणपत्र प्रदान गरिदिनुहुन अनुरोध छ ।**

**<u>दरखास्त पेश गर्ने समितिको तर्फवाट</u> :**

**हस्ताक्षर :**

**नाम :**

**पद :**

**ठेगाना :**

**सम्पर्क नं :**

**समितिको छाप :**

**सलग्न कागजातहरु :१) वडा कार्यालयको क्षेत्राधिकार तोकिएको गठनका लागि सिफारीस पत्र ।**
**२) समिति गठनको भेला माईनुट को प्रतिलिपी,**
**३) समितिको सञ्चालक समितिको पदाधिकारीको विवरण र नागरिकता प्रमाणपत्रको छाँया प्रति**
**४) समितिको नाम,छाप र खाता सञ्चालनको लागि छनौट भएको वित्तिय संस्थाको विवरण र समितिको खाता नम्वर ।**
**५) समिति अर्न्तगतको सदस्य संख्या ।**

| **निवेदन उपरको कार्वाही :** |
|---|
| |

**अनुसुची १ को बुँदा नं १ सँग सम्बन्धित कागजातको विवरण**

**वडा कार्यालयको क्षेत्राधिकार तोकिएको क्षेत्र :**

**अनुसुची १ सँग सम्बन्धित कागजातको विवरण बुँदा नं ३**

| क्र.सं | नाम/थर | पद | टोल | सम्पर्क नं |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसुची १ को बुँदा नं ४सँग सम्बन्धित कागजातको विवरण**

**समितिको नाम :**

**छाप :**

**खाता सञ्चालनको लागि छनौट भएको वित्तिय संस्थाको नाम र ठेगाना :**

**समितिको खाता नम्वर :**

**अनुसुची १ को बुँदा नं ५ सँग सम्बन्धित कागजातको विवरण**

**कुल सदस्य संख्या :**

**अनुसुची २**

***थाहा नगरपालिकामा बजार व्यवस्थापन तथा परिचालन गर्न बनेको कार्यविधि, २०७५ को दफा ८ सँग सम्बन्धित प्रमाणपत्रको ढाँचा***

**थाहा नगरपालिका**
**नगरकार्यपालिका कार्यालय,**
**ईन्द्रयणीचौर, मकवानपुर ।**

**प्रमाणपत्र नं** .....

स्थानीय राजपत्र

## बजार व्यवस्थापन गठन प्रमाणपत्र

**बजार व्यवस्थापन समितिको नाम :**

**गठन मिति :**

**ठेगाना :**

**बजार व्यवस्थापन समितिको अध्यक्षको नाम :**

**समितिको क्षेत्राधिकार :**

**तपाईको समितिको मिति २० । । गतेको निवेदनमा आवश्यक कारवाही हुँदा यस ............................................... बजार व्यवस्थापन समितिलाई थाहा नगरपालिका वडा नं ....... को कार्यालयले सिफारीस सहित तोकेको क्षेत्राधिकार भित्र *थाहा नगरपालिकामा बजार व्यवस्थापन तथा परिचालन गर्न बनेको कार्यविधि, २०७५* अनुरुपको बजार व्यवस्थापन सँग सम्बन्धित कार्यहरु सञ्चालन गर्नका लागि दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।**

**नोट :**

**१. दर्ता कायम भएको मितिको ठिक एक वर्ष भित्रमा साधारण सभा गरि समितिको प्रमाणपत्र नविकरण गर्नुपर्नेछ ।**

**२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।**

| | |
|---|---|
| ................................ | ................................................ |
| **शाखा प्रमुख** | **प्रमुख प्रशासकिय अधिकृत** |

**<u>आज्ञाले,</u>**

**नामः हरिलाल पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र